नेपाल सरकार

गृह मन्त्रालय

# इलाका प्रशासन कार्यालय

सेमरी, नवलपरासी (ब.सु.प.)

फोन नं. : ०७८४००१६६
फ्याक्स नं.: ०७८४००१६६

च.नं.

प.सं. २०८०/०८१

मिति:- २०८१/०१/१३

**सम्पुर्ण सेवाग्राही महानुभावहरुले नागरिकताको आवेदन दिंदा ध्यान दिनुपर्ने तथ्यहरुः**

१। जिल्ला प्रशासन कार्यालय नवलपरासी ब. सु. प. को मिति २०८०/११/२० च. नं. ४६६८ को पत्रले तोकेको **फोटोसम्बन्धी मापदण्ड** बमोजिमको फोटो अनुसूचिमा प्रमाणित भएको हुनुपर्ने ।

२। फोटोमा दस्तखत गर्दा तथा छाप लगाउँदा फोटोमा पर्ने गरी तर मुखाकृति नबिग्रिने गरी गर्नुपर्ने ।

३। यस कार्यालयको इलाका अन्तर्गतका **वंशज तथा वैवाहिक अंगिकृत** ना. प्र. को नयाँ तथा प्रतिलिपी दुवैका लागि यस कार्यालयमा आवेदन दिन मिल्ने तर **अंगिकृत** ना. प्र. का लागि भने जिल्ला प्रशासन कार्यालय परासीमै जानु पर्ने ।

४। नयाँ तथा प्रतिलिपी दुवै किसिमका ना. प्र. को लागि आवेदन दिंदा अनुसूचि फारममा हुलाक टिकट, **चलानी नम्बर**, वडाको छाप, वडाअध्यक्षको दस्तखत, फोटो प्रमाणित आदि भएनभएको यकिन गरी आउनु पर्ने ।

५। कार्यवाहक वडाअध्यक्ष तोकेको अवस्थामा **कार्यवाहक तोकेको पत्र** को प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न गर्नुपर्ने ।

६। जन्मदर्ता, ना. प्र., विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई दर्ता प्रमाणपत्र जस्ता आवश्यक कागजातहरुको **सक्कलै प्रति** पेश गर्नुपर्ने ।

७। नागरिकता प्रतिलिपीको आवेदन दिंदा निवेदकको बिग्रिएको सक्कल ना. प्र. वा ना. प्र. को प्रतिलिपी वा निजको **ना. प्र. नं. र जारी मिति खुल्ने** राष्ट्रिय परिचयपत्र, जग्गाधनि दर्ता प्रमाणपत्र, मतदाता परिचयपत्र, सवारीचालक अनुमतिपत्र, प्यान कार्ड जस्ता कुनै एक सरकारी कागजातको प्रतिलिपी अनिवार्य संलग्न गर्नुपर्ने ।

८। बसाईसराई गरि आएकाको हकमा प्रतिलिपी नागरिकताका लागि निवेदकको बसाईसराई दर्ता प्रमाणपत्र र नयाँ नागरिकताका लागि निवेदकको **बाबु/पतिको नाम** समावेश भएको बसाईसराई दर्ता प्रमाणपत्र तथा बिजुली बिल, खानेपानी बिल वा जग्गाधनी दर्ता प्रमाणपत्र जस्ता **स्थायी बसोबास खुल्ने प्रमाण** अनिवार्य संलग्न गर्नुपर्ने ।

९। उमेर २० वर्ष पुरा भएका महिलाको हकमा नयाँ तथा प्रतिलिपी दुवै किसिमका नागरिकताको आवेदन दिंदा निवेदकको फोटोसहितको **अविवाहित प्रमाणित** अनिवार्य संलग्न गर्नुपर्ने ।

१०। अन्य जिल्लामा वा यस कार्यालयको इलाका भन्दा बाहिरको क्षेत्रमा विवाह भई गएका महिलाहरुको हकमा निजको **माइती तर्फको वडाबाट** नागरिकता प्रतिलिपीको सिफारिस लिन नमिल्ने (सम्बन्ध विच्छेद भएका महिलाहरुको हकमा बाहेक )

११। जन्मको आधार ना. प्र. को प्रतिलिपीको आवेदन दिंदा बिजुली बिल, खानेपानी बिल वा जग्गाधनी दर्ता प्रमाणपत्र जस्ता **स्थायी बसोबास खुल्ने प्रमाण** अनिवार्य संलग्न गर्नुपर्ने ।

१२। हस्तलिखित घटना दर्ता प्रमाणपत्र केरमेट भएको, सहीछाप छुटेको वा झुत्रो परेको भएमा त्यसको **अनलाईन प्रतिलिपी** अनिवार्य बनाई संलग्न गर्नु पर्ने ।

१३। जन्मको आधार नागरिकका सन्तानको हकमा नयाँ नागरिकताको आवेदन दिंदा **अनलाईन जन्मदर्ता** अनिवार्य संलग्न गर्नुपर्ने ।

१४। जन्मदर्ताको अभिलेख झुत्रो वा नष्ट भई **नयाँ जन्मदर्ता** बनाउनुपरेको हकमा सो व्यहोरा खुलाएको वडाको किटानी सिफारिस अनिवार्य संलग्न गर्नुपर्ने ।

१५। जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई दर्ता प्रमाणपत्र, बाबु-आमा-पतिको ना. प्र. वा अन्य संलग्न कागजातमा नामथर / ना. प्र. नं. जस्ता विवरणहरु फरक परेमा सम्बन्धित व्यक्तिको **ना. प्र. नं., जारी मिति र फोटोसहितको एउटै व्यक्ति प्रमाणित** अनिवार्य संलग्न गर्नुपर्ने ।

१६। बाबु वा आमा बाहेक एकाघरका अन्य व्यक्ति सनाखत गर्न आउँदा निजको निवेदकसँगको **नाताप्रमाणित** अनिवार्य संलग्न गर्नुपर्ने ।

१७। नाबालक परिचयपत्रको आवेदन दिंदा निवेदकको जन्मदर्ता, बाबुआमाको ना. प्र. तथा विवाह दर्ताको अतिरिक्त निवेदक र निजको बाबु, आमा तथा आवश्यकता अनुसार अन्य अभिभावकसँग **नाताप्रमाणित** गरी अनिवार्य संलग्न गर्नुपर्ने ।

२०८१/०१/१३

मनोज प्रसाद चुदमकार
शाखा अधिकृत